# ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरेबाट भएको
# निर्णय आदेश

अनुमतिपत्र जारी गर्ने निकाय - ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय

**विरुद्ध**

वि.वि.वि.०६९।७० वि.उ. ०६८ को विद्युत उत्पादनको अनुमतिपत्र (मिदिम (कपुरा) खोला जलविद्युत आयोजना)

अनुमतिपत्र प्राप्त गर्ने संस्था - युनियन हाइड्रोपावर प्रा.लि.

**विषय — अनुमतिपत्रको शर्त उल्लंघन ।**

यसमा, युनियन हाइड्रोपावर प्रा.लि.ले मिदिम (कपुरा) खोला जलविद्युत आयोजनाका लागि प्राप्त गरेको वि.वि.वि.०६९।७० वि.उ. ०६८ को विद्युत उत्पादनको अनुमतिपत्रको शर्त नं. ७ को (ध) मा उल्लेखित शर्त विपरित संस्थाको स्वामित्वको शेयर संरचना परिवर्तन गरेको सम्बन्धमा विद्युत विकास विभागबाट युनियन हाइड्रोपावर प्रा.लि.संग स्पष्टिकरण माग भएकोमा उक्त प्रा.लि.ले कम्पनीको पुजि वृद्धि तथा साधारण शेयर निष्कासन गर्ने योजना अनुरुप पुजिगत संरचनामा केही परिवर्तन गरिएको र सोको विवरण सहित विद्युत विकास विभागलाई जानकारी गराइएको तथा कम्पनीलाई पुर्ण जानकारी नभई भुलवस गल्ति भएको भनी कसुर स्वीकार गरी स्पष्टिकरण पेश गरेको देखिन्छ । यस्तै विद्युत विकास विभागमा दर्ता भएको युनियन हाइड्रोपावर प्रा.लि. को मिति २०७५।१२।२९ को पत्रसाथ पेश गरेको युनियन हाइड्रोपावर प्रा.लि.को संशोधित प्रबन्ध पत्रमा उल्लेखित कम्पनीको अधिकृत पुँजी र चालु पुँजी रकम र उक्त कम्पनीले अनुमतिपत्र प्राप्त गर्दा पेश गरेको प्रबन्धपत्रमा उल्लेखित कम्पनीको अधिकृत पुँजी र चालु पुँजी रकममा परिवर्तन भएको देखिन्छ । अतः युनियन हाइड्रोपावर प्रा.लि. ले विद्युत सर्भेक्षणको अनुमतिपत्रको शर्त नं. ७ को (ध) मा उल्लेखित शर्त बमोजिम कम्पनीको स्वामित्व संरचना परिवर्तन गर्दा विद्युत विकास विभागको पुर्व स्वीकृति लिनु पर्नेमा पुर्व स्विकृति नलिई कम्पनीको शेयर स्वामित्व परिवर्तन गरी विद्युत ऐन, २०४९ को दफा ३८ को उपदफा (२) बमोजिम कसुर गरेको देखिएकोले ऐ. ऐनको दफा ३८ बमोजिम उक्त युनियन हाइड्रोपावर प्रा.लि.लाई रु.५,००,०००।- (पाँच लाख रुपैया) जरिवाना गरिदिएको छु । अरु तपशिल बमोजिम गर्नु ।

<u>तपशिल</u>

१. युनियन हाइड्रोपावर प्रा.लि.बाट निर्णय बमोजिम जरिवाना असुल गर्न फायल विद्युत विकास विभागमा पठाउनु ।
२. निर्णयको जानकारी सरोकारवालाले कानून बमोजिम माग गरेमा दिनु ।

दिनेशकुमार घिमिरे
(सचिव)

इति सम्बत् २०७६ साल भाद्र २४ गते रोज ३ शुभम् ------------------------------------------------------ ।